"स्वास्थ्य,कृषि र पूर्वाधार, ढकारीका बलिया आधार"
ढकारी गाउँपालिका
DHAKARI RURAL MUNICIPALITY
गाउँकार्यपालिकाको कार्यालय
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
ढकारी,अछाम
DHAKARI, ACHHAM
सुदूरपश्चिम प्रदेश,नेपाल
SUDURPASCHIM PROVINCE NEPAL

फोन नं: ९८६४८११११०२
९८६४८११३११
९८६४८११०७३

पत्र संख्या/Letter No.: २०८२/०८३
चलानी.नं/Dispatch No.: ४

# गणक पद पूर्ति सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/१२/२०**

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौंको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमद्वारा यस ढकारी गाउँपालिकालाई हस्तान्तरण भएको सशर्त अनुदान अन्तर्गत गरिव घरपरिवार पहिचान व्यवस्थापन सूचना प्रणाली मार्फत (Poor Household Management Information System- PHMIS) यस गाउँपालिकाको सम्पूर्ण घरपरिवारको तथ्याङ्क संकलन गर्नका लागि गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि,२०७९ अनुसार र गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्वन्धी मार्गदर्शन बमोजिमको योग्यता पुगेका ढकारी गाउँपालिका भित्रका इच्छुक नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | माग (संख्या) | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १. | ०५/२०८२/०८३ | तथ्याङ्क संकलन कर्ता (गणक) | ६ (छ) | ४००/- |

१. न्यूनतम शैक्षिक योग्यता र अनुभव: मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण भएको साथै यस अघि तथ्याङ्क संकलन कार्यमा संलग्न भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
२. कम्प्युटर सफ्टवेयर चलाउन जान्ने: मोबाइलमा नेपाली युनिकोड टाईप गर्न सक्ने,एन्ड्रोइड फोन भएको र यस गाउँपालिकाको स्थायी बसोबाँस भएको ।
३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: व्यक्तिगत निवेदन,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति ।
४. उमेर: १८ वर्ष पुरा भई ३५ वर्ष पुरा ननाघेको हुनु पर्नेछ । साथै महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
५. परीक्षाको किसिम: मौखिक र प्रयोगात्मक परिक्षण ।
६. दरखास्त फारम बुझाउने स्थान: ढकारी गाउँपालिकाको कार्यालय, प्रशासन शाखा ।
७. दरखास्त दिने अन्तिम मिति: २०८२/१२/२६ गते कार्यालय समय भित्र।
८. सेवा सुविधा: गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि- २०७९ बमोजिम हुनेछ ।

.................................
लोकेन्द्र बहादुर बोगटी
नि.प्रमुख प्रशासकीय अधिकृत

**नोट:** रीतपुर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

थप जानकारीको लागि: ९८६४८११३११



CamScanner